# जेसिपिएस ब्याक- टु- स्कूल चेकलिस्ट

के तपाईको छात्र उत्कृष्ट शैक्षिकवर्षको लागि तयार छन्? आफ्नो बच्चालाई तयार पार्नलाई यहाँ केही सहायक संझौटाहरु छन्:

- ☐ के तपाईले आफ्नो बच्चालाई रजिस्टर गर्नुभयो वा उसको या उनको विद्यालयको असाइनमेंट प्रमाणित गर्नुभएको छ? यदि तपाईलाई आफ्नो बच्चा कुन विद्यालयमा हाजिर गर्नेछन् भनी वा रजिस्ट्रेशन गर्नका लागि कुन-कुन कागजातहरू आवश्यक छन् भनी थाहा गर्नु छ भने ४८५-६२५० मा सम्पर्क गर्नुहोस्।
- ☐ के तपाईलाई तपाईको बच्चाको लागि विद्यालयको सुरु हुने समय थाहा छ? धेरै मा जेसिपिएसका प्राथमिक विद्यालयहरूका (एलिमेंट्री स्कूल) समय विहान ९:०० वजेदेखि दिउँसो ३:४५ सम्म हो । धेरै मध्य (मिडल) र उच्च विद्यालयहरूमा (हाई स्कूल), विहान ७:४० वजेदेखि दिउँसो २:२० सम्म हो।
- ☐ के तपाईले आफ्नो बच्चाको यातायात व्यवस्थाहरुको पुष्टि गर्नुभयो? यदि तपाईको बच्चा हिड्ने वा वाइकिङ् गर्दै छन् भने तपाईले ट्राफिक र अज्ञात मानिसहरूको बारेमा सुरक्षा सावधानताबारे छलफल गर्नुभयो? यदि तपाईको बच्चा वस चढ्दै छन् भने, के तपाईले सुरक्षा समस्या र अपेक्षित व्यवहारको बारेमा कुरा गर्नुभयो?
- ☐ के तपाईले आफ्नो बालबालिकालाई (विद्यालयमा) चाहिने सर-सामाग्रीका विषयमा विद्यालय सँग बुझ्नु / जाँच गर्नुभयो?
- ☐ के तपाईलाई तपाईको बच्चाको विद्यालयको ड्रेस कोड छ भन्ने थाहा छ? के तपाईको बच्चालाई शारीरिक शिक्षा (फिजिकल एजुकेशन) वा आर्ट क्लासको लागि फरक कपडाहरु चाहिन्छन्?
- ☐ घरमा पठाइएका स्वास्थ्य, आपतकालीन सम्पर्क र अन्य (कुराहरु सम्बन्धी) फारमहरू तपाईले भर्नु भएको छ?
- ☐ के तपाईको बच्चाले समरको समयमा कुनै पनि स्वास्थ्य समस्याको विकास गरेको छ जसले उसको/उनको विद्यालयको दिनलाई असर गर्नेछ? यदि हो भने, तपाईंले विद्यालयका कर्मचारीहरुलाई सूचित गर्नुभएको छ? यदि तपाईको बच्चाले विद्यालयमा औषधी लिन आवश्यक छ भने, के तपाईंले (त्यसका लागि) प्रबन्धहरू मिलाउनुभएको छ?
- ☐ के तपाईले आफ्नो बच्चालाई विद्यालयको समय तालिकामा फिर्ता हुन मद्दत गर्नलाई (वेलुकी) चाँडो नै ओछ्यानमा जाने समयको तय गर्नुभएको छ?
- ☐ के तपाईले आफ्नो बच्चासँग नयाँ शैक्षिकवर्ष सुरुवात सकारात्मक दृष्टिकोण र उसले/उनले सक्दो राम्रो गर्ने प्रतिबद्धताको बारेमा कुरा गर्नुभएको छ?
- ☐ आपतकालीन अधिसूचनाहरू र अन्य महत्त्वपूर्ण जानकारीहरु पाउनका लागि के तपाईले जिल्लाको स्कूल मेसेन्जर अलर्ट सिस्टममा संलग्न हुनुभएको/जोडिनु भएको छ ?

ब्याक-टू- स्कूल चेकलिस्ट यहाँ अनलाइनमा पनि उपलब्ध छ।

जेसिपिएसलाई अनलाइनमा फेसबुक, ट्वीटर, इन्स्टाग्राम र युट्युबमा पनि फलो/अनुगमन गर्नुहोस् ।

### जेसिपिएस ###